आधार पुरूष आधा नारी, जमिनमा हक बराबरी

# तेस्रो राष्ट्रिय महिला किसान सम्मेलन




## प्रतिवेदन, २०७१

CSRC
आत्मनिर्भर केन्द्र

- सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
- राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल
- जिल्ला भूमि अधिकार मञ्च, ललितपुर

**तेस्रो राष्ट्रिय महिला किसान सम्मेलन**
१७-१८ मंसिर, २०७१
ठिमूरा, चितवन

## पृष्ठभूमि

राष्ट्रिय जनगणना २०६८ ले १९.७१ प्रतिशत महिलासँग घर वा जग्गामा स्वामित्व भएको देखाएतापनि खेतीमा सङ्लग्न महिलाको स्वामित्व भने न्युन रहेको छ । महिला किसान भूमिमा सबभन्दा बढी पसिना चुहाउँछन् । महिलाहरूलाई घर, सामाजिक काम र खेतीपातीको तेहोरो बोझ छ । तर तिनै किसान महिलाको भूमिमा स्वामित्व भने न्युन छ । खेतियोग्य भूमिमा महिला किसानको स्वामित्व नभएका कारण महिलाको आत्मविश्वास कमजोर छ । घर, परिवार, कार्यालय, समुदायमा उचित स्थान प्राप्त हुन सकेको छैन । जसको कारण महिलाले विभिन्न सेवा सुविधा जस्तो ऋण, उद्यम, सीप अभिवृद्दि, बीमा आदि सेवाबाट वञ्चित हुनुपरेको छ । यो वञ्चितीकरणले कृषि उत्पादनमा ठूलो असर पुऱ्याएको छ । अन्ततः यसले परिवार र समुदायको भोकमरी र खाद्य असुरक्षा बढाएको छ ।

भूमिमाथिको स्वामित्वले खाद्य अधिकार मात्र सुनिश्चित हुने होइन । व्यक्ति र परिवारको शक्तिको अवस्था पनि निर्धारण हुन्छ । यही शक्तिले उसका आाधरभुत अधिकारलाई सम्भव तुल्याउँछ । भूमिमा महिलाको स्वामित्व नहुनु भनेको उनीहरूको मानव अधिकारको गम्भीर हनन् हुनु हो ।

महिला किसानसँग सम्बन्धित विभेदहरू समाजले सिर्जना गरेको हो र यी सबै विभेदको अन्त्य सम्भव छ भन्ने विश्वासका साथ आत्मनिर्भर केन्द्रले विगतदेखि नै राष्ट्रियस्तरको सम्मेलनहरू आयोजना गर्दै महिला किसानहरूको सशक्तिकरणतर्फ जोड दिइरहेको छ । यही क्रममा ‘महिला किसानको आत्मसम्मान र पहिचानको लागि भूस्वामित्व’ भन्ने मूल आशयका साथ तेस्रो राष्ट्रिय महिला किसान सम्मेलन चितवनको भूमि अध्ययनघर, ठिमुरामा भयो । मंसिर १७ र १८ गते भएको सम्मेलनमा ३६ जिल्लाका ७५ महिला १६ दलित ३० जनजाती गरी जम्मा ९३ जना सहभागी भएका थिए ।

### पहिलो दिन : सुरुवात

### स्वागत मन्तव्य

तेस्रो राष्ट्रिय महिला किसान सम्मेलनको अवसरमा राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालकी सचिव सरस्वती सुब्बाले सबैलाई स्वागत गर्नुभयो । उहाँले महिला किसानहरू धेरै समय खेतीपातिमा खट्छन् । तर, तिनै महिला किसानको नाममा खेती गरिरहेको भूमिको स्वामित्व र पहिचान नभएको बताउनुभयो । साथै उहाँले भूमिका अहोरात्र खट्ने महिला किसानको भूस्वामित्वको बहसलाई व्यापक बनाउन यस सम्मेलनले सहयोग गर्ने बताउनुभयो ।

## सम्मेलन उद्‌घाटन

सम्मेलनको उद्‌घाटन संयुक्त पुर्जा बनाएका जोडी (ठाकुर अधिकारी र चण्डिका अधिकारी) ले नेपालको राष्ट्रिय झण्डा र राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको झण्डा फहराउँदै र राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालका अध्यक्ष, सोमप्रसाद भण्डारीले गमलामा बीउ रोपेर एकसाथ गरिएको थियो । यसमा अवसरमा सबै सहभागीले नारा लगाएका थिए, आधा पुरुष आधा नारी जमिनमा हक बराबरी..।

## सम्मेलनको उद्देश्य र औचित्य

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रकी अभियान संयोजक कल्पना कार्कीले तेस्रो राष्ट्रिय महिला सम्मेलनको औचित्य र उद्देश्यबारे प्रष्ट्याउनुभयो ।

१६ दिने महिला हिंसा विरुद्धको अभियानको सन्दर्भसँग भूमिमा महिलाको स्वामित्व र पहिचानको बहसलाई गाउँगाउँमा पुऱ्याउन महिला सम्मेलन आयोजना गरिएको हो । महिला किसानमाथि भइरहेको विभेद र अन्याय विरुद्ध आवाज उठाउनका लागि शक्ति निर्माण गर्न भूमिमा महिला अधिकारको बैचारिक बहस आवश्यक छ । तर महिला अधिकार स्थापितको लागि पुरुषको सहयोग आवश्यक छ । त्यसैले यस कार्यक्रममा पुरुषहरूको सहभागिता गराइएको छ ।

महिला किसानको भूमिमा स्वामित्व बढाउन संयुक्त पुर्जा अभियान अगाडि बढिरहेको उहाँले जानकारी गराउनुभयो । उहाँले थप्दै भन्नुभयो, संयुक्त पुर्जा अभियानलाई गाउँ गाउँमा पुऱ्याउनको लागि नीतिगत बाधाहरू आइपरेको छ । भूमि सुधार मन्त्रालय र विभागसँग मिलेर तयार गरेको संयुक्त पुर्जासम्बन्धी कार्यविधि पास हुन सकिरहेको छैन । अभियानका यस्ता नीतिगत तथा व्यवहारिक अप्ठ्याराहरूको बारेमा छलफल गर्न र समाधानको विषयमा छलफल हुनेछन् । साथै अगुवाहरूको वैचारिक क्षमता अभिवृद्धि र अभियानको योजना पनि यो सम्मेलनबाट बनाइनेछ ।

## किसान महिला : कथा भोगाईको

१८ वर्षदेखि रेडियो नेपालमा कार्यरत **चन्दा** विष्टले महिला किसानहरूले भोगेको अनुभवलाई कथामार्फत बाहिर ल्याउन सहजीकरण गर्नुभयो ।

## भीमादेवी विक, कैलाली

१५ वर्षको उमेरमा विवाह भयो । दुःखै दुखमा दिन बित्यो । गाउँ घरमा न त खानेपानीको व्यवस्था छ न बाटो घाटोको व्यवस्था नै छ । जे जस्तो गरेर भए पनि गुजारा चलाउनै परेको छ । नागरिकता छैन । नागरिकता बिना कुनै पनि काम हुँदैन । गरिबहरूको जिन्दगी दुःखै दुःखले बितिरहेको छ ।

ऐलानी जग्गामा बसोबास छ । यही दुःखले अभियानमा सामेल हुन पुगेँ । गाउँगाउँमा सङ्गठन छ हामी सङ्गठित छौं । गाउँका पुरुष जति विदेशमा छन् । महिलाले घर र सङ्गठन दुवै चलाएका छौं । सङ्गठित भएपछि अधिकारबार बुझ्न थाल्यौं । हाम्रा कुरा अरुलाई सुनाउन सक्ने भएका छौं । अभियानले गाह्रो र सजिलो दुवै अवस्था दिने रहेछ । असजिलाका दिनहरू सहन पऱ्यो । परिवारको साथ भएमा अप्ठ्यारो आए

पनि अगाडी बढ्न सजिलो हुने रहेछ । हामी जमिनको अधिकार खोजिरहेका छौं । बास र खेती गरिरहेको जग्गा दर्ता गरी आफ्नो नाममा ल्याउने लक्ष छ ।

**लक्ष्मी पुर्कोटी, ललितपुर**

घर ललितपुर जिल्लाको छम्पी गाविस हो । बसोबास भएको जमिन गुठीको छ । घरबास उठाउँछ कि भन्ने चिन्ता भइरहन्छ । यही कारण हामी बसोबास गरेको जमिनको स्वामित्व लिनको लागि भूमि अधिकार मञ्चमा सङ्गठित भएर बसेका छौं । अधिकार लिनको लागि बेलाबेला आन्दोलनमा पनि जाने गरेका छौं । हामी आन्दोलनमा सङ्गठित भएको बल्ल एक वर्ष मात्र भयो ।

गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित भएपछि आफू बसोबास गरेको जमिनको अधिकार लिनुपर्छ, महिलाहरूले पनि भूमिमा अधिकार पाउनुपर्छ भन्ने विषयमा जान्ने अवसर पायौं । हामी आन्दोलन हिंसा नहुने गरी गर्छौं । त्यसको लागि सङ्गठनमा कोषहरू पनि जम्मा गरिरहेका छौं । २ आनामा भएपनि लालपुर्जा पाइयोस् भन्ने कामना छ । यो हुन सक्यो भने हामी खुसी हुन्छ र ढुक्क पनि । अहिले संयुक्त लालपुर्जा अभियानको बारेमा छलफल हुन्छ । हामीले धेरै राम्रो लाग्छ तर जमिन नभएकाले हामीले बनाउन पाएका छैनौं ।

**<u>महिला किसान सम्मेलन : चिन्तनमनन् सत्र</u>**

महिलाले घरभित्र गर्ने कामको लेखाजोखा नै छैन । महिला किसाहरूको काम गनिसाध्य न भनिसाध्य भने भ्रैं छ । घरभित्रको काम बाँडफाँट नै छैन । घर सफा गर्ने (लिपपोत, कुचो कसिंगर, लुगा धुने) खाना, खाजा पकाउने, भाँडा माँभ्ने, बच्चा, बुढाबुढीको स्याहार र हेरचाह, गाई, भैंसी, बाखा, कुखुरा, घाँस, दाउरा व्यबस्थापन जस्ता सबै कामहरू महिलाहरूले नै गर्नैपर्ने वाध्यता छ । खेतबारीको काम सकेर घर फर्केपछि पुरुषहरू आराम गर्ने, चिया खाने र साथीभाईसँग भेटघाटका लागि चौतारी, बजारमा व्यस्त हुन्छन् । पुरुषले घरभित्रको काम गरिहाले पनि सहयोग गरेको हिसावले मात्र गर्ने गरिन्छ । समाजमा हुने बैठक, छलफलमा प्रायः पुरुषले नै भाग लिन्छन् ।

महिलाहरूलाई नि अगाडि बढाउनुपर्छ भन्ने आम सोच त आएको छ, तर घरभित्रको कामको बाँडफाँट नहुन्जेल सम्भव छैन । त्यसैले । महिलाको अवस्था, समस्या, कारण र समाधानका बारेमा ६ वटा समूहमा छलफल गरियो । यस शेसनको सहजीकरण आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक जगत देउजाले गर्नुभयो ।

**महिला किसानका समस्याहरू** (पारिवारिक, समुदाय, व्यवहार, कानुनी)

- आत्मबल कमजोर बनाउनु ।
- महिला किसानलाई बालीनाली र पशुमा लाग्ने रोगका जानकारी नहुनु ।
- समान काममा समान र न्यायिक ज्याला नहुनु ।
- सरकारी सुविधा, ऋण लिन पुर्जाको कठीनाई ।

- उत्पादनको हिसाव किताबको समस्या ।
- बजारीकरणको समस्या, महिला किसानको सहभागिता बिना मुल्य तोकिनु ।
- सिपको समस्या ।
- तराईमा महिला किसानको नागरिकता नहुनु ।
- रुढीबाढी सोच (हलो जोत्न हुदैंन भन्ने) ।
- ऋृण लिने बेलामा महिलाले लिएपछि तिर्ने बेलामा घरपरिवारबाट वेवास्ता गर्ने ।
- नेतृत्वदायी भूमिकामा महिला पुग्न नसक्नु (राजनीति) ।

**समस्याहरूको मुख्य पक्ष (परम्परागत व्यवस्था, कानुन, सङ्गठन, राजनीतिक दल, सरकार)**

- महिलाहरूले सम्पत्तिमा समान अधिकार नहुनु ।
- पारिवारीक कारण (श्रीमान्, सासु, ससुरा, बुबा) ।
- आमासँग सम्बन्ध विग्रने डर, त्रास ।
- आर्थिक हिसावले कमजोर ।
- समाजिक र परम्परागत सोच र मान्यताले गर्दा घरबाट बाहिर निस्कन समस्या ।
- राजनीतिक मञ्चहरूमा महिलाको सम्पत्ति सम्बन्धि बहस कम हुनु ।
- जलवायु परिवर्तनअनुसार खेतीको ज्ञान सिपको कमी ।
- महिलाालाई परिवारले विश्वास नगर्नु ।

**समूह २ : महिला किसानको पहिचान**

महिला किसान र भूमिबीच के कस्तो सम्बन्ध र समानता छ ? (जस्तो : उत्पादनको आधार)

- महिला र भूमिबीच सम्बन्ध रहेको छ । महिला भूमिको एउटा अभिन्न अङ्ग रहेको छ
- पसिना र श्रमको सम्बन्ध रहेको छ ।
- पृथ्वी र महिला दुवै सहनशील छन् ।
- महिलाले घरपरिवारले हेरचाह गरेजस्तै भूमि सम्पूर्ण प्राणीको आश्रयस्थल हो ।
- महिला किसान भूमिको एक रुप हो ।
- भूमि र महिलाबिना संसारको कल्पना गर्न सकिदैंन ।

**महिला किसान पहिचानको बाधक तव्वहरू के के हुन् ?**

- पुरुषत्व, अहमको भावना ।
- लैङ्गिक विभेद् ।
- पक्षपात कानुनी व्यवस्था ।
- डर, त्रास, धम्की ।
- जनचेतनामुलक कार्यक्रमको कमी ।
- महिलालाई शिक्षाबाट भेदभाव ।
- सामाजिक कुप्रथा ।

**महिला किसानको पहिचान बढाउन के कस्तो व्यवस्था र उपयुक्त विकल्पहरू**

- सङ्गठन र बहस गर्ने ।

- महिला किसानको सङ्गठन बनाउने ।
- किसानको नाममा आएको बजेट महिलाले सहि किसिमले पाउने व्यवस्था हुनुपर्छ ।
- नेतृत्व गर्ने, ठाउँमा महिला किसानको पहुँच तथा नियन्त्रण हुनुपर्ने ।
- कानुनीरूपमा महिलालाई पनि बराबर भूमिमाथि अधिकार दिनुपर्छ ।
- महिला सशक्तिकरण गर्ने कार्यक्रम चलाउने ।
- महिला किसानलाई निर्वाहमुखी व्यवसायमुखीमा जोड दिनुपर्छ ।
- संयुक्त लालपुर्जा महिला किसानलाई दिनुपर्छ ।

**समूह ३ : महिला किसानको पहिचान**

**वर्तमान परिवेशमा महिलाको पहिचानको अवस्था कस्तो छ ? के कस्तो परिवेश छ ?**

- दिन-रात खेतबारीमा पसिना बगाउँछन् तर उनीहरूको नाममा जमिन छैन ।
- कुनै पुरुषलाई कसैले तपाईंको श्रीमतीले के गर्नुहुन्छ भन्ने भन्दा केही गर्दिनन् भन्ने । किसान महिला भनिँदैन ।
- महिला किसानको समान ज्याला छैन । १ जना पुरुषले गरेको कामको लागि २ जना महिला जानुपर्छ ।
- समूहमा सङ्गठीत र असङ्गठीत किसान महिलाको पहिचान फरक छ ।
- बीउविजन तथा बालीको छनौट गर्दा महिला किसानले पुरुष किसानसँग सल्लाह गर्छन् । तर पुरुषले महिलासँग सल्लाह गर्दैनन् ।
- बालीनाली राम्रो भएमा पुरुषको नाम तर नराम्रो भएमा महिलाको पनि जोडिन्छ ।
- गाईवस्तु किनबेच गर्ने बेलामा पुरुष अगाडि ।
- सरकारले महिला किसानमुखी कार्यक्रम नल्याएको
- आफ्नो पहिचान छैन । (जस्तो : मगरनी कान्छी, साँईली)

**महिला किसान पहिचान किन ? यसले के फरक ल्याउँछ ? घरपरिवार, समुदाय र देशमा कस्तो परिवर्तन आउँछ ?**

- महिला स्वयम्को आत्मसम्मान बढ्छ ।
- पसिनाको कदर हुन्छ । जोश, जाँगर र उत्पादन बढ्छ ।
- महिला हिंसा कम हुन्छ ।
- सरकारी सुविधा दावी गर्न सक्षम हुन्छन् ।
- जमिनको मालिक बन्छन् ।
- सङ्घ/सङ्गठनमा महिला किसानको सहभागिता बढ्छ ।
- निर्णय गर्ने क्षमता बढ्छ ।

**समूह ४ : भूमिमा महिला अधिकार**

**भूमिमा महिला अधिकारको अवस्था**

- भूमिमा समान हक छैन ।
- न्युन अधिकार छ ।
- अधिकार उपयोग गर्न पाएको छैन ।
- खेती लगाउन एकले निर्णय गर्न नपाएको
- दासीको रूपमा मात्र सिमित छ ।
- संयुक्त पुर्जा अभियान विस्तार भएको छ
- पहिलाको तुलनामा हक अधिकार पाउन सक्ने भएका छन् ।

**भूमिमा महिला अधिकार न्युन हुनुका कारणहरू**

- स्वयम् महिलाले भूमिमा आफ्नो अधिकार हुनुपर्ने बुझाई कम हुनु (पुरुषको भएपछि किन चाहियो)
- महिला र पुरुष दुवैमा अधिकारको बारेमा सूचना र ज्ञानको कमी ।
- महिलामा आत्मनिर्भरता नहुनु ।
- पित्तृसत्तात्मक सोच ।
- सरकारी नीति कागजमा सिमित कार्यान्वयनमा कमी ।
- सरकारी नीति झन्झटिलो भयो ।
- सरकारको नीति महिला किसान मैत्री नहुनु ।
- निर्णायक तहमा महिला सहभागिता नहुनु ।
- छोरीले अंश पाउने व्यवस्थाको दावी गर्ने क्रम नभएकाले ।

**भूमिमा महिलाको अधिकार बढाउन के कस्तो व्यवस्था हुनुपर्छ ?**

**उपयुक्त विकल्पहरू र आन्दोलन (कार्य) के के होलान् ?**

- महिलाले जमिन खरिद गर्दा दिने छुट संयुक्त पुर्जा बनाउँदा पनि दिनुपर्छ ।
- गाउँघरमा बाँझो रहेका जग्गाहरू महिला सङ्गठनलाई दिनुपर्छ ।
- भूमिहीन किसानलाई सरकारी जग्गा वितरण गर्नुपर्ने ।
- संयुक्त पुर्जा भएको परिवारलाई सरकार वा सङ्घ/संस्थाले ऋण दिन बढी सहुलियत दिनुपर्ने ।
- मालपोत, भूमि सुधार कर्मचारीलाई सरकारले तालिम दिनुपर्छ ।
- गाउँको जमिनको प्रकार र कानुनी प्रावधानका बारेमा अगुवालाई जानकारी गराउनुपर्छ ।
- कार्यकर्ताको क्षमता अभिवृद्धि गर्न राजनीतिक दलसँग सम्वाद गर्न सक्ने बनाउनुपर्छ ।
- गाउँगाउँमा भूमि अधिकारबारे छलफल, बहस सम्मेलन गर्नुपर्छ ।
- गाउँगाउँमा महिला अगुवा निर्माण गर्नुपर्छ ।
- यस्तो काम गर्ने अगुवा स्वयम्सेवी र जुझारु हुनुपर्छ ।
- भित्ता भित्तामा ढुङ्गा ढुङ्गामा नारा लेख्नु पर्छ ।
- सङ्गठनले बलियो बनाउनु पर्छ तथा भूमि आन्दोलन बनाउनुपर्छ ।
- सरकारी टोली गाउँ गाउँमा खटाउनुपर्छ ।

**समूह ५: भूमिमा महिला अधिकार**

महिला र भूमिबीच के कस्तो सम्बन्ध र समानता छ ?

- भूमिलाई दिनरात खनी खोस्री गरेको हुनाले उत्पादन दिन सकेको हो ।
- भूमिले जसरी अत्याधिक दोहना सहेर उत्पादन दिइरहेको हुन्छ, त्यसरी नै महिलाले पनि आफुलाई दुःख पिडा सहेर सबैलाई खुसी बनाइरहेको हुन्छ । भूमि र महिलाको सम्बन्ध नङ र मासुको जस्तै छ ।
- भूमि र महिलाको सम्बन्ध बराबर रहेको हुन्छ । जसरी महिलाले घरपरिवारका सबै सदस्यलाई समान गर्छिन् । त्यसैगरी भूमिले पनि कोही धनी, कोही गरिव भनेर छुट्याउँदैन । सबैलाई समान उत्पादन दिन्छ ।

**भूमिमा महिला अधिकार स्थापित भएपछि व्यक्ति, परिवार, समुदायमा र राष्ट्रमा के कस्तो परिवर्तन आइरहेको छ र आउँछ ?**

- परिवार र समुदायले हेर्ने दृष्ट्रिकोण फरक भएको छ ।
- महिलामा आत्मविश्वास बढेको छ ।
- परिवार र समुदायमा महिलाको मान सम्मान र पहिचान बढाएको छ ।
- महिलाहरूमा खेतबारीमा काम गर्ने झनै ऊर्जा थपिएको छ ।
- महिलाहरूमा आफू सुरक्षित महशुस भएको छ र निर्णय गर्ने क्षमता बढेको छ ।

**समूह ६ : भूमिमा महिला अधिकार, संयुक्त पुर्जा**

**संयुक्त पुर्जा अभियानबाट के कस्ता उपलव्धीहरू र प्रभाव देखिएको छ ?**

- घरपरिवारमा सरसल्लाह हुने वातावरण बनिरहेको छ ।
- काम गर्ने जाँगर बढेर गएको छ ।
- बैठक वा सामूहिक कार्यमा छलफल गर्न र अगाडि बढ्न आत्मबल बढ्छ ।
- जमिनमा हक बराबरी भएको छ ।
- एकल निर्णयमा जग्गाको विक्रीमा कमी आएको छ । साथै बहुविवाहको कमी आउँछ ।
- मेलमिलाप बढ्छ । महिला–पुरुष दुवै सुरक्षित हुनुका साथै समान व्यवहार भएको छ ।
- महिला र पुरुषमा रहेको विभेद हट्दैछ । समानताको संस्कारले आउने पुस्तालाई पनि राम्रो सिकाई दिन्छ ।

**संयुक्त पुर्जा अभियानका अप्ठेरा के के हुन् ?**

- सजिलैसँग पुरुषहरूले महिलाहरूलाई भूमिको कानुनी स्वामित्व दिन नचाहने ।
- श्रीमानसँग टाढा हुन्छुकी भन्ने डरले गर्दा महिलाहरूले पनि आफ्नो अधिकारको अठोट वा श्रीमानसँग संयुक्त पुर्जा राख्न नसक्ने ।
- नबुझ्ने भन्दा बुझ्नेहरूले व्यङ्ग्य, आलटाल गरेर कुरा टार्न खोज्ने ।
- संयुक्त पुर्जा बनाउन जाने भन्ने र कागजातहरू तयार गरेपछि बनाउँला भनेर झुक्याउने ।

- खान लाउन देको छ । बस्न पाएकै छ । किन चाहियो संयुक्त पुर्जा भनेर महिलाहरूलाई निरुत्साही बनाउने ।
- महिलालाई विश्वास नगर्ने र संयुक्त पुर्जा बनाए पछि श्रीमतीले दोस्रो विवाह गरेर गएमा आफ्नो सम्पत्ती लिएर जान्छन् भन्ने कुरामा शंका गर्ने ।

**संयुक्त पुर्जा अभियानका सिकाईहरू के के रहेका छन् ?**

- स्थानीयस्तरका सङ्घ/संस्था र सरोकारवालासँग सहकार्य गरेर अभियानलाई अगाडि बढाउनु पर्दछ । संयुक्त पुर्जा बनाउँदा घरदैलो कार्यक्रममा महिला–पुरुषको सहभागिता भयो भने जोडीलाई सम्झाउन सहज हुने ।
- संयुक्त पुर्जा बनाएका जोडीलाई सम्मान गरेर हौसला बढाउनु पर्दछ ।
- सकरात्मक सोच भएको अगुवाको नेतृत्व हुनुपर्ने ।

**संयुक्त पुर्जा अभियानलाई अझै प्रभावकारी बनाएर लैजान के गर्नुपर्छ ?**

- संयुक्त पुर्जा बनाउने जोडीहरूलाई जीवन उपयोगी सिपमुलक तालिमको व्यवस्था गर्नुपर्ने ।
- अभियानमा सडक नाटक, तालिम सञ्चालन आदिको माध्यमबाट संयुक्त पुर्जाको सन्देशहरू बाहिर ल्याउनुपर्दछ ।
- पत्रपत्रिका, रेडियो, टेलिभिजनबाट सन्देश प्रशारण गर्नुपर्दछ ।
- संयुक्त पुर्जा बनाएका जोडीलाई सम्मान गर्नुपर्दछ ।

समूह कार्यको निचोड यस प्रकार रहेको थियो ।

**महिला किसानको समस्या**

- पहिचान नसमेटिएको ।
- भूमिमा महिलाको स्वामित्व न्युन ।
- कामको अत्यधिक बोझ ।
- सूचना तथा जानकारीको अभाव ।
- कानुनी ज्ञानको अभाव ।
- बीउ विजन, बाली नालीमा लाग्ने रोगबारे अनभिज्ञता ।
- असमानता र अन्यायोचित ज्याला ।

**जमिनमा महिला किसानको हक किन ?**

- महिला किसानको पहिचान ।
- परिवारमा समानता ।
- कृषि कार्यमा निर्णय बढाउन ।

- पर्यावरणको सुरक्षा ।
- बीउको सुरक्षा ।
- हाम्रो आन्दोलन जल, भूमि, जमिन, बीउलगायतका प्राकृतिक साधनको उचित उपभोगका लागि ।
- भूमि प्रति फराकिलो बुझाईको विकास गर्न ।
- पुरुषको महिलाप्रति बढी भर तर भरोसा कम ।

पुरुषलाई पनि महिलाको समस्याका बारेमा महसुस गराउन आवश्यक छ । संयुक्त पुर्जा नबुझेकाले मात्र बनाउने हो भन्ने खालेको भ्रम फैलाइएको छ । त्यसलाई हटाउन आवश्यक छ । यसमा पुरुषको सहभागिता अनिवार्य आवश्यक्ता हुन्छ । संयुक्त पुर्जा महिलाको अधिकारसँग जोडिएको छ । लैङ्गिक समानतासँग जोडिएको छ । त्यसैले यो सबैले बनाउन आवश्यक छ ।

किसान महिलाको पहिचान बढाउन आवश्यक छ । पहिलेपहिले किसान भन्नासाथ पुरुषलाई मात्र बुझ्ने चलन थियो । महिलालाई किसान मानिँदैनथ्यो । आज किसान महिलाको पहिचानको लागि आन्दोलन चलाइरहनु परेको अवस्था छ ।

नेपालमा जो खेती किसान गर्दैन, उच्च ओहोदामा बसेर गैरकिसानी काम गरिरहेका छन् उनीहरूको नाममा जमिन धेरै छ । सरकारी कृषि बजेट वास्तविक किसानले पाइरहेका छैनन् । गैर कृषि क्षेत्रमा काम गर्ने वर्गको हातमा परिरहेको छ । यही सन्दर्भमा महिला किसान सम्मेलनको मुल सपना महिला किसानको पहिचान र कृषि भूमिमा स्वामित्व हुनु पर्छ भन्ने हो ।

**मन्जु डुमडुम, एकता परिषद, विहार पटना**

भारतमा ८१ प्रतिशत जनता कृषिमा निर्भर छन् । यी मध्ये ४० प्रतिशत महिला किसान छन् । किसानलाई उच्च, मध्यम र साना गरी तीन तहमा वर्गीकरण गरिएको छ । उच्च वर्गसँग २० देखि ५० बिघा जमिन छ भने मध्यम सँग ५ देखि २५ बिघा र जो साना किसान छन् उनीहरूसँग नगण्य मात्रामा जमिन छ । भूमिहीनको सङ्ख्या पनि धेरै छ । भारतमा असली किसानहरूचाहिँ भाडामा जमिन लिएर खेतीपाती गरिरहनु परिरहेको अवस्था छ ।

भारतको विहार प्रान्त धेरै भूमि सवाल तथा विभेद, विकासको पहुँचवाट टाढा रहेको ठाउँ हो । यहाँ मुसहर, दलित, आदिवासी समुदायको बसोबास छ र उनीहरू प्राय सबै भूमिहीन छन् वा भूमिको अधिकारबाट वञ्चित छन् । उनीहरू ससाना छाप्रामा बस्छन् । जमिनदारकोमा किसानी काम गरेर जीविका चलाइरहेका छन् ।

भूमि सवाललाई लिएर विगत २० वर्षदेखि शान्तिपूर्ण आन्दोलन भइरहेको छ । भूमिहीन जो भूमि सवालबाट पीडित छन् । उनीहरूलाई आफ्नो समस्या कहाँ गएर राख्ने त्यसको बारेमा राम्रोसँग थाहा छैन । आज जति पनि पुर्जा विहीन साना किसान छन् पहिला तिनीहरू वधुँवा मजदूर थिए । जव वधुँवा मजदूरबाट छुटकारा मिल्यो फेरि मजदूरको रूपमा जमिनदारकोमा मजदूरी गरेर जीवन चलाइरहेका छन् । आफूसँग पुर्जा नभएको

कारणले हाल आफूले कमाइरहेको जमिनमा हक पाउने वा नपाउने भन्ने कुरा निश्चित छैन । जो असली किसान छन् उनीहरूलाई काम गर्ने इच्छा हुँदाहुँदै पनि पुँजीको अभावले काम गर्न सकिरहेका छैनन् । जमिनदारले वर्षै पिच्छे भाडा धेरै बढाउँछ । यसले किसानहरू मर्कामा छन् ।

महिलाहरू अझ बढी समस्यामा छन् । महिलाहरूको छुट्टै पहिचान छैन । उनलाई पुरुषसँग जोडेर पहिचान दिइन्छ । जसले गर्दा आफनो अस्तित्वबाट वञ्चित हुन परेको छ । महिलालाई पुरुषको नाममा होइन जमिनको अधिकारसँग जोडेर पहिचान दिइनु पर्छ । किनकी जमिन महिलाको आत्मसम्मान हो । अस्तित्व हो । खानाको आधार हो ।

भूमि अधिकार आन्दोलनलाई निरन्तरता दिन आन्दोलन कोष महत्वपूर्ण आधार हो । बाहिरी सहयोगलाई मात्र हेरेर हुँदैन । जसरी आफ्नो परिश्रमको मुल्य हुन्छ त्यसरी नै आफनो परिश्रमले जम्मा गरेको आन्दोलन कोषको महत्व धेरै हुन्छ । विहारमा जो भूमिहीन छन् तिनीहरूले जमिनदारको खेत भाडामा कमाइरहेका छन् तर राम्रो उत्पादन भए पनि नभए पनि प्रत्येक वर्ष भाडा दर बढ्छ । यसरी किसानहरू सधैं मर्कामा छन् । भारतमा भूमि अधिकार आन्दोलन निरन्तर छ । अगुवाहरू जो साहुबाट पीडित छन् तिनीहरूको लागि साहुसँग बहस गर्ने तथा समाधानको लागि सम्बन्धित निकायमा लाने काम गर्दै आइरहेको छ ।

## संयुक्त पुर्जा

समाजमा हालसम्म पनि महिलाहरू हिंसाबाट मुक्त हुन सकिरहेका छैनन । अहिले पनि महिलालाई दोस्रो दर्जाको रूपमा हेर्ने, दाइजो प्रथा, बहुविवाह जस्ता कारणले महिलाहरू शोषण तथा पीडामा बाँच्न बाध्य छन् । हामी यस्ता संवेदनशील मुद्दाहरू विरुद्ध सङ्घर्ष गरिरहेका छौं । भूमिमा महिला अधिकार कायम गर्न, नेता तथा सरकार समक्ष ध्यानाकर्षण गर्न पैदल यात्रा गरिहेका छौं । संयुक्त लालपुर्जा अभियानले महिलाहरूमा जोस, जाँगर र हौसला प्रदान गरेको छ । महिलाहरूमा आफनो अधिकारको लागि बोल्ने क्षमताको विकास हुँदैछ । अहिले महिलाहरू मिलेर बाँझो जग्गामा सामूहिक खेतीको सुरुवात गरेका छन् । सरकारीस्तरबाट उनीहरूले गरेको सामूहिक खेतीको निरीक्षण गरेपछि, राम्रो प्रतिक्रिया जनाउँदै हाल खेतीको लागि १० देखि १५ प्रतिशत ऋण दिइरेको छ । यो भूमि अधिकार आन्दोलनको प्रयासबाट प्राप्त भएको नतिजा हो ।

## राष्ट्रिय कृषि कार्यालयको सेवाबाट वञ्चित

भूमिहीन किसानहरू जसको आफनो नाममा जग्गा छैन तर जमिनमा पसिना बगाइरहेका छन् । काम गर्ने इच्छा हुँदाहुदै पनि सरकारको सेवा सुविधाबाट वञ्चित भइरहेका छन् । कृषि ऋण लिन जाँदा जमिनको कागजात माग्ने या त जसको जमिन जोतीरहेको हो उसले सिफारिस गर्नुपर्ने तर साहुले कृषि ऋणको लागि सिफारिस गर्न नमान्ने स्थिती छ । यसले गर्दा भूमिहीन किसान सामाजिक न्याय, भूमि अधिकार तथा राज्यले दिएको सेवा सुविधाबाट वञ्चित भइरहेका छन् ।

## सन् २०१२ मा ग्वालिएरबाट आग्रासम्म पैदल यात्रा

भूमिहीन किसानहरूले सन् २०१२ मा ग्वालिएरबाट आग्रासम्म पैदल यात्रा गरे जसमा ६५ हजार भूमिबाट वञ्चित भूमिहीन किसानहरू सहभागी थिए । पैदल यात्राको क्रममा ३ जना अगुवाहरूको बीचबाटोमा ट्रकको ठक्करबाट मृत्यु भयो । आन्दोलनमा मरेका पुरुषहरू थिए । जसका श्रीमतीहरू पनि पैदल यात्रामा सहभागी थिए । उनीहरू बीचैमा घर फर्कन मानेनन् । उनीहरूले आफनो पीडा सहेर, जुन लक्ष्य र उद्देश्यका साथ

आफनो श्रीमानसँग पैदल यात्रा सुरु गरेका थिए त्यसलाई पुरा गरेर मात्रा फर्कने प्रणका साथ यात्रा नछोडने अडान लिए र पुरा पनि गरे ।

## जय जगत २०२० आन्दोलनको तयारी

भूमिको असमान वितरण, भूमिहीन तथा साना किसान, श्रमिक, सबैको अधिकारको लागि विश्वब्यापी आन्दोलन 'जय जगत २०२०' को लागि एकता परिषद् भारतले अहिलेदेखि नै योजना बनाएको छ । भारतको दिल्लीदेखि जेनेभासम्म हुने पैदल यात्राको लागि आन्दोलन कोषको रूपमा १ मुठी चामल र १ रूपियाँ सङ्कलन गरिरहेको छ । त्यस आन्दोलनको लागि नेपालबाट १ हजार जना कार्यकर्ता तयार पार्ने लक्ष्य रहेको छ ।

## सिन्धु, एकता परिषद्

महिलाको समस्या नेपाल र भारतमा समान छ । संयुक्त पुर्जाको लागि भारतमा पनि अभियान चलिरहेकोछ । पुरुषको भन्दा महिलाको काम धेरै हुन्छ । आधाभन्दा बढी महिलाहरू खेतीपातिमा काम गर्छन् तर कानुनीरूपमा अधिकार प्राप्त छैन । भूमिमा अधिकार पाउन सङ्घर्ष र सङ्गठित हुनु जरुरी छ । त्यसका लागि घरदैलो गर्न जरुरी छ । सङ्घर्ष गर्नको लागि सङ्गठन चाहिन्छ । सङ्गठनले शक्ति दिन्छ । सङ्गठन भूमि प्राप्तिको लागि मात्र नभएर सामाजिक न्यायको लागि पनि हो । महिलाले सबैको आवश्यकता र चाहानाको बारेमा सोच्छ । जसरी पृथ्वी सम्पूर्ण प्राणीका लागि एउटा आश्रयस्थलको रूपमा जीवन निर्वाहको आधार बनेको छ त्यसरी नै महिलाले परिवारको हरेक कुरामा ध्यान दिन्छिन् । महिलाको एउटा सुखी परिवार बनाउन धेरै योगदान हुँदाहुँदै पनि परिवारमा उनको पहिचान छैन । अथवा हरेक कुरामा पुरुषको मात्र नाम जोडेर अगाडि आउछ ।

आज जुन आन्दोलन र सङ्घर्ष भइरहेको छ । त्यो समाजिक समानता र न्यायको लडाइँ हो । संसारमा जोसँग पहुँच तथा शक्ति छ उसले प्राकृतिक स्रोत तथा जमिनमा कव्जा गरिरहेको छन् । तर यो सबैको साझा सम्पत्ति हो यसमा सबैको समान अधिकार छ । सामाजमा हुने असमानता तथा विभेदको कारण विशेष गरेर महिला नै शोषण र पीडामा परेको छन् । समाजमा भइरहेको यस्तो विभेद र शोषण तिनै शक्ति तथा पहुँच भएका जमिनदार, सत्ताधारी वर्गबाट भइरहेको छ । आन्दोलनका क्रममा धेरै बाधा अडचन आउँछ, जसलाई चिरेर अगाडि बढनु आवश्यक छ ।

## दोस्रो : दिन

## पुनरावलोकन : सिकाई समीक्षा

- महिला किसानहरू भेला हुने, छलफल गर्ने र सङ्गठित हुनाले शक्ति निर्माण हुन्छ । महिला शसक्तिकरण गरी अधिकारको दावी गर्न सक्ने क्षमता विकास गर्नुपर्दछ ।
- नारा लगाउँदा मुठी कसेर र हृयददेखि नै लगाउँदा आन्दोलनमा नैतिक शक्ति थपिन्छ ।

- २०१२ को एकता परिषद्को आन्दोलनमा ३ जनाको मृत्यु हुदाँ पनि आफन्तहरू बीचबाटोबाट फर्किनु भएन् । आन्दोलनमा जस्तोसुकै कठिनाई परेपनि लक्ष्यबाट विचलित हुनु हुँदैन तवमात्र सफलता प्राप्त हुन्छ ।

- आन्दोलनमा प्रतिबद्ध अगुवा परिचालन भईएन भने जित्न सकिदैंन ।

- हामीले गर्ने अभियान, आन्दोलनको काम हतारमा नभई तयारी गरेर गर्नुपर्दछ ।

- आन्दोलन कोष भनेको हाम्रो पसिनाको मुल्य हो, जसमा अपनत्वको भावना छ । थोरै थोरै नदग तथा जिन्सी संकलनलाई निरन्तरता गर्नुपर्दछ ।

- महिलाको पहिचान र अधिकारको बारेमा कानुनले धेरै बोलेको छ तर व्यवहारमा आएको छैन । तसर्थ कानुनमा भएको प्रावधानलाई व्यबहारमा उतार्न पछि पर्न नहुने रैछ ।

**भूमिमा महिला अधिकारको मुद्दाले निम्न फाइदा हुन्छ**

- महिला किसानको पहिचान
- महिलाप्रतिको सोचमा परिवर्तन
- महिलामुखी कानुनको प्रभावकारी कार्यान्वयन
- भूमि र महिलाको हितमा कानुन निर्माण

**अगुवा परिचालन तथा तयारी विषयमा एकता परिषद् भारतबाट आउनुभएकी, मञ्जु डुमडुमले सहजीकरण गर्नुभएको थियो ।**

हाम्रो लक्ष्य समाज र परिवारको सुख र शान्तिको हो । उक्त लक्ष्य पुरा गर्न शान्ति सेना तयार गर्न जरुरीछ । ती भनेका अगुवा हुन् । अगुवाहरूले आफूलाई मन, वचन र कर्मले तयारी गर्न आवश्यक छ । अगुवाहरू सिसाकलम बन्नुपर्दछ । जसरी सिसाकलमले लेख्दा लेख्दा त्यसको धार सकिँदै जान्छ, त्यसरी नै अगुवाहरूले सङ्घर्ष गर्दै तिखारिनु जरुरी छ । हामीलाई त्यस्तो अगुवा तयार गर्नु छ जो समस्यादेखि भाग्दैन वरु त्यसको सामना गरेर अगाडि बढ्छ ।

हामीले काम गर्दा त्यसको के पहिचान बनिरहेको छ भन्नेमा ध्यान दिनु आवश्यक छ । अगुवाहरूले काम गर्दा काम सक्ने हिसावमा होइन त्यसको परिणाम र प्रभाव हेर्नुपर्दछ । अगुवाहरूले समुदायको समस्यालाई समाधान गर्न समुदायमै गएर उनीहरूसँग भिज्न् जरुरी छ । आत्मियता बढाउन सुमदायमा नै बस्ने, उनीहरूको रहनसहनलाई अंगाल्ने, काममा आफनो क्षमताअनुसार मद्दत गर्ने जसले गर्दा काम गर्न सजिलो हुन्छ । अगुवाहरूले समुदायमा राम्रो छाप छोडनु आवश्यक छ । समुदायलाई अगुवाले उनीहरूको समस्या समाधानको लागि सङ्गठन नै शक्ति हो त्यसका लागि हामी एक जुट भएर अगाडि बढनुपर्ने कुरा महसुस गराउन सक्षम हुनुपर्छ । कुनै पनि तालिम सञ्चालन गर्दा महिलाहरूलाई मात्र सहभागी गराउनु हुँदैन त्यसमा पुरुषहरूलाई पनि सहभागी गराउनु जरुरी छ किन भने परिवारको साथ सहयोग भएन भने काम गर्न गाह्रो हुन्छ ।

## परिवेश विश्लेषण

अगुवा तथा अभियानकर्ता समुदायमा जाँदा केके समस्याहरू छन् भनेर सङ्कलन गर्ने मात्र नभई ती समस्याहरू किन, कहाँबाट, कसरी आयो भनेर विश्लेषण गर्न आवश्यक छ । यदि आफनो ज्ञान, सिप तथा क्षमताले सकेन भने आफूभन्दा माथिका अगुवा तथा अभियानकर्ताहरूसँग सहकार्य गर्न जरुरीछ । हामिले काम गरिरहेका प्रत्येक समुदायको सामाजिक स्रोत तथा गतिशिल नक्सा हुनु आवश्यक छ जसले उक्त समुदायमा के कस्ता समस्याहरू छन् ? त्यहाँ कुनकुन स्रोत साधनहरू उपलब्ध छन, स्थानीयस्तरमा सरकारी तथा अरु संघसंस्थावाट के कस्ता सेवासुविधा प्रवाह भइरहेको छ भन्ने जानकारी अगुवा तथा अभियानकर्तालाई दिन्छ अगुवाहरू तथा अभियानकर्ता सहनशील तथा धैर्यवान हुनुपर्छ । कारण समुदायमा जाँदा समयमा खानपिन नमिल्ने, विभिन्न प्रकृति तथा स्वभावको मान्छे भेटनुपर्ने हुन्छ जसमा घुलमिल हुन यी गुण आवश्यक छन् ।

## महिला अधिकार र आन्दोलन

### उषाकला राई, पूर्वसभासद

महिला अधिकारको विषयभित्र पर्ने प्रमुख मुद्दाहरूमध्ये महिलाको भूमिमाथिको अधिकार पनि एक हो । भूमि र महिला अधिकार कसरी एक-अर्कासित सम्बन्धित छ ? यस तेस्रो महिला किसान सम्मेलनले उठाएका मुद्दाहरूको महत्व कति छ ? यी विषयमा गत र यस संविधान सभामा कस्तो कुराहरू उठी राखेको छ ? नयाँ संविधानमा हाम्रा अधिकारहरू के हुने ? महिलाको कस्तो अधिकार लेखिँदैछ यिनै विषयहरूको सेरोफेरोमा रहेर आफ्ना भनाइहरू राख्ने कोशिस गर्छु ।

आधा पुरुष आधा नारी, जमिनमा हक बराबरी, जमिनको अधिकारले महिला हिंसा घटाउँछ, महिला किसानलाई आत्मनिर्भर बनाउँछ.. यी कुराहरू साह्रै मार्मिक र सत्य छन् ।

हामी मान्छे हुनुको नाताबाट सुरु गरौं । जब हामी यो धर्तीमा आमाको कोखहुँदै जन्म लिन्छौं, हाम्रो आधारभूत आवश्यकताहरू जस्तैः गाँस बास र कपासका कुराहरू पनि हामीसँगै जोडिएर आउछन् । हामी आमाको ममतासँगै हुर्कन्छौं, आमाले जुन भाषा बोल्नुहुन्छ त्यही भाषा सिक्न थाल्छौं । आमाबाट सिकिने भाषालाई हामी मातृभाषा भन्छौं । हुर्काएर ठूला बनाइसकेपछि, उहाँको औंलामा पक्रिएर जब स्कुलसम्म पुग्छौं त्यहाँबाट पहिचानको कुरा सुरु हुन्छ । जब स्कुलमा भर्ना गरिन्छ, अविभावकको नाम सोध्दा बाबुको नाम भन्नुपर्ने हुन्छ । दुःख पीडा सहेर जन्माउने स्याहार्ने आमाले तर भन्छ यो छोरी वा छोरा बाबुको हो । बाबुको नाम लेखाउँछ । हाम्रो के त ? स्कुलमा नानीको प्रमाण पत्रमा आमाको नाम छैन । नागरिकतामा आमाको नाम छैन ।लालपुर्जामा आमाको नाम छैन सरकारी दस्तावेजमा कहि पनि आमाको नाम छैन । त्यसैले हामी भन्दैछौ महिलाको पहिचान गुमनाम छ ।

हामी महिलाहरूले भोट हाल्नसमेत लामो सङ्घर्ष गर्नुपरेको इतिहास छ । इतिहास हेर्ने हो भने हामीलाई मान्छेको दर्जासमेत दिइएको थिएन । हामीले राम्रो मानी आत्मसात् गर्दै आएको शास्त्रहरूमा समेत मनुस्मृतिले आइमाइले भनेको कुरा सुन्नु हुँदैन, छुनु हुँदैन भनेर लेखेका छन् । शुद्र, नारी र ढोललाई जति बजायो उती बज्छ भन्नेसमेत कुरा छ । पुरुषले महिलालाई जति कुटे पनि हुन्छ भन्ने खालको त्यस्तो मानसिकता । महिलाको अवस्था हेर्ने मुल्य र मान्यता सबै कुरो भन्ने हो भने पनि यति धेरै पीडा छन् अझ भूमिहीन महिलाहरूको त अवस्था झनै पीडादायक छ ।

मानिस ढुङ्गे युगबाट बिस्तारै आजको सभ्य आधुनिक युगमा प्रबेश गरेको हो । ढुङ्गे युगमा महिला नै परिवारको मुली हुन्थ्यो र बाबुको पहिचान पनि एउटी आमाबाट नै हुने गर्थ्यो तर पछि संस्कृति, सभ्यता र विकासको नाममा पितृसत्ता स्थापित हुने चलन र कानुनहरूको विकास हुन गयो । बलिया मानिसहरूले निर्धाहरूलाई पक्रेर ल्याउने र दास बाउने सँगसँगै महिलालाई पनि एक किसिमको दास बनाउने त्यो खालको षडयन्त्रहरू भएको इतिहास छ ।

नेपालमा अहिलेसम्म छ पटक संविधान बनिसक्यो, छैठौँ चोटीमा बनेको अन्तरिम संविधान २०६३ सम्म आइपुग्दा आमाको नामबाट नागरिकताको अधिकार कार्यान्वयन भएको छैन । छोरीलाई सम्पत्तिको समान अधिकार भन्यो त्यो कार्यान्वयन भएको छैन । महिलालाई महिला भएकोले विभेद नगरिने भन्यो विभेद कायम छ । महिलालाई कुनै प्रकारको हिंसा नगर्ने भन्यो अझ हिंसा चुलिएकोछ । महिलालाई बोक्सीको आरोपमा ज्युँदै जलाएर मारेर मान्छेको शरीरलाई एउटा कालो डढेको ठुटोमा परिणत गरियो । कसरी सम्भव भो होला ! मानवता साँचिकै जलिरहेको छ हाम्रो समाजमा कसरी यस्तो भइराख्या छ, जिउँदो महिलालाई बोक्सीको आरोपमा मट्टितेल खन्याइ दिएर परालले छोपेर ह्वारह्वार्ती बालेर मान्छेलाई मारियो । बोक्सीको आरोपमा त्यस्तो भइराखेको छ । दाइजोको आरोपमा, दाइजो ल्याएन भनेर कतिको राम्री राम्री केटीहरूलाई पनि एसिड छर्केर पुरै कुरुप भएको मैले देखेँ । म त देशभरी हिँड्छु । त्यस्तो महिलाहरू आउनुभएको छ । यो मेरो अनुहार के गरुँ । कोही कोही जल्न नसकेर, मर्न नसकेर, झुण्डिन नसकेर बाँचेकाहरू चाहिँ मानसिकरूपमा पीडित भई जिउदो लास सरी बाँचिरहेका छन् । त्यतिमात्र होइन पनि आमाको पेटमा भएको छोरीको भ्रुण हत्या गर्ने क्रम अत्याधिकरूपमा बढेर गएको छ ।

यसरी छोरीहरू बाँच्न पाउने अधिकारबाट वञ्चित भएका छन् । छोरीमाथीको हिंसाको परम्परालाई चन्द्रमासँग दाजेर परिभाषित गर्छु । छोरीको विवाह अगाडिको जिन्दगी पूर्णिमाको जुन लागेको जस्तो उज्यालो तर विवाहपछिको चाहिँ औंसीको रातको जस्तो अध्यारो जिन्दगी । अशिक्षा, गरिबी, रुढीबाढी सोचले ग्रस्त हाम्रो समाजमा यो महिलामाथि हुने हिंसामा कहिले कमी आउने र महिलाले आमाको नाममा नागरिकतालगायत अरु अधिकारहरू पनि पाउने होला ? हामी कहाँ महिला र पुरुष समान गरिब, अशिक्षित छन् भने पनि त्यो भित्र पनि महिलाहरू बढी पीडित छन् । खाना बनाएर सबैलाई खान दिएर उब्रिएको मात्र खान पाउने पनि कतिपय महिलाको दयनीय अवस्था छ । श्रम विभाजनकै कुरा गर्दा पनि महिलाहरू सबैभन्दा चाँडो उठ्ने र सबभन्दा ढिलो सुत्ने घरेलु श्रमिक हुन् तर पाकेको खानामा सबभन्दा पछि, नमिठो, आधि पेट वा भोकै हुने पनि उनीहरू नै हुन् । अझ समाजमा बुहारी भएर बाँच्न साह्रै नै गाह्रो छ ।

मेरो पारिवारिक कुरा गर्नुपर्दा, मेरो हजुरबुबा प्रजातन्त्रको सेनानी, मेरो बुबा रुद्रकुमार राई, नेकपा एमाले २०४७ सालको जिल्ला पार्टीको भूमिगत र कम्युनिष्ट नेता । २०२६ सालमा त्यस्तो परिवारमा एक्ली छोरीको रूपमा जन्मिएँ । चाडबाडमा नातागोता जम्मा हुँदा मेरो बुबामाथि अर्को बिहे गरी छोरो जन्माउन दबाब आउथ्यो । यो त छोरी विवाह गरी अर्काको घर जान्छे, वंश धान्नकै लागि भए पनि एउटा छोरो चाहिन्छ भन्ने गर्थे । आमा पनि मन नलागि नलागि बुवालाई अर्को विहे गर्न अरुको होमा हो मिलाउनु हुन्थ्यो अनि कुनामा बसेर धेरै चोटी रुनु हुन्थ्यो । बुवाले यो कुरा मानेर अर्को विहे गर्नु त भएन । तर यी सब घटनाहरू देखे पछाडि भने म विद्रोही भएर निस्के । म सोच्थे, मेरो आमा किन रोइ राख्नु भएको छ ? के छोरीको जन्म अभिषाप हो ? महिला अभिषाप हो ? आमा अभिषाप हो ? हो कि होइन ? होइन रहेछ । यी त सब गलत परम्पराका उपज रहेछन् ।

अर्को उदाहरण मैले देखेँ छोरीलाई सानैमा बिहे गरी अर्काको घर पठाउने चलन । १० /१२ देखि १६/१७ वर्षमा विवाह गरेर श्रीमान्को घरमा पठाउने गर्थे । साना साना नानीहरूलाई राता साडीमा बेरेर न उनीहरूले स्याहार्न सकेका छन् न अरुका घर जान्नभन्दा पनि सुख पाएका छन् । रुदै र उफ्रिदै खसीलाई जस्तो तानेर डाँडा कटाउथे । त्यो नानी जान्न की जान्न भनेर रोइरहेछ । म चाहिँ त्यसलाई पछ्याउँदै डाँडासम्म पुग्थे । अनि त्यहाँ हेर्थें । त्यो रुन्थी म पनि रुन्थें । त्यतिबेला मनमा उब्जेको दोस्रो प्रश्न, छोरीले विहे गरेर अर्काको घरमा जानुपर्ने बाध्यता किन ? उसको उमेर भइसक्या छैन । मन लाग्या छैन । जान मन हुनेलाई जाऊन्, नजाने मन हुनेलाई किन यस्तो ? खसीलाई जस्तो बाँध्न पाइन्छ मान्छेलाई ? विक्री गर्ने चिज हो छोरीको नाम भन्ने प्रश्न उठ्यो मेरो दिमाखमा । त्यसपछाडि देखि म अझ विद्रोही भएँ । मैले एसएलसीसम्म दिक्तेलमा पढैं । आइएससी मैले धरानमा पढैं । बिएससी मैले अमृत साइन्समा पढैं । एमएससी मैले त्रिबीमा गर्दा सम्ममा मेरो उमेर निकै पाको भैसकेको थियो र आफ्नो सङ्घर्षको दौरान देखें । म त्यसपछाडि एमएससी सकेर आफ्नो पहलमा नेदरल्यान्डसम्म पिएचडी गर्न भनेर गएँ । त्यसपछि त्यहाँबाट फर्केर आएँ अब म युवा समूहमा पार्टीमा त छँदै नै थिएँ । अझै पनि मेरो सङ्घर्ष जारी छ र यी विभेद र उत्पिडनका पीडाहरूलाई अध्ययन गरी रहेकै छु । त्यसैले यी छोरीहरूको उत्पीडन विरुद्ध र समानताको लागि लड्न सकिन्छ भन्ने लागेर नै म राजनीतिमा लागेँ । जसरी हात्तीको सानो बच्चालाई पक्रेर ल्याइन्छ, र सानो एउटा डोरीले खुट्टामा बाँधेर राखिन्छ । उसको बच्चा यताउता जान बल गर्छ तर बल पुग्दैन किनभने ऊ सानै छ । उसको मनोविज्ञानले यो डोरी चुडाल्न सकिँदैन । त्यसै कारणले सानो डोरीमा पनि ठूलो हुँदासम्म हात्ती चुप लागेर बसी राख्छ । हामी महिलाहरू पनि त्यस्तै हात्ती हौं । हामीले हाम्रो बल चिन्न सकेका छैनौँ । डोरी चुडाल्न हामी सक्छौँ । तर त्यो आत्मबल छैन । तपाईंहरू प्रयास गर्दै हुनुहुन्छ, तपाईंहरूको लागि धन्यवाद ।

प्रत्येक मानिस जन्मेदेखि नै उसमा स्वतन्त्र र सार्वभौम अधिकार निहीत हुन्छ तर उसलाई केही बन्नको लागि अवसर र अधिकारको आवश्यकता पर्छ । अनि त्यो मान्छे प्रधानमन्त्री वा राष्ट्रपति जे पनि हुन सक्छ । हाम्रो देशमा कस्ताकस्ता राष्ट्रपति प्रधानमन्त्री छन् देखेकै छौँ । त्योभन्दा धेरै तगडा महिलाहरू हुनुहुन्छ । यत्ति हो  महिलालाई अवसर छैन । हामीले सामन्तवादको प्रतिक राजतन्त्र अन्त्य गर्‍यौँ । तर राजतन्त्रको अन्त्य एउटा व्यक्ति एउटा संस्थाको अन्त होइन । संस्थागतरूपमा त्यसले छाडेको मुल्य, मान्यता, विभेद र

उत्पीडनको पनि सदाको लागि उन्मुलन हुनुपर्‍यो । हामीलाई चाहिएको त्यो हो । त्यो खालको सामन्ती संस्कार, सोच र विचार, राजनीतिको नाममा होस् अथवा दलको काममा होस् अथवा व्यक्तिमा होस् यो कुराहरू अन्त्य हुन आवश्यक छ । सबै मान्छे सक्षम छन् । उसलाई अवसर चाहिन्छ । अधिकार चाहिन्छ ।

अहिले यीनै कुराहरूमाथि विशेषतः महिलाको अधिकारको विषयमा हामीले संविधान सभामा बहस गर्‍यौँ । त्यहाँ मान्छे कसरी जन्मिन्छ भन्ने सवालबाट बहस सुरु भयो । महिलामाथि एसिड छर्ने, ४ वर्षको बालिकादेखि ८२ वर्षको बुढी आमा पनि बलात्कारको सिकार भइराखेको कुराबाट बहस गर्‍यौं । हामीले भन्यौं, महिला सुरक्षित कहाँ छन् ? हाम्री आमा, हजुरआमा, छोरी, बुहारी, दिदीबहिनी कहि कतै सुरक्षित हुन सकेनन् । हामीलाई यो कुरा लज्जास्पद र घिनलाग्दो भइराखेको छ । समाजमा यस्ता खालका नराम्रा प्रवृत्तिले गर्दा जेहेनदार, राम्रा, असल, चेलिबेटीलाई माया गर्ने, दिदी बहिनीलाई माया गर्ने, छोरीलाई सम्मान गर्ने, त्यो अधिकार दिने पुरुषहरूलाई पनि लाजमर्दो भएको छ ।

मैले सभामुखलाई भने दौरा सुरुवाल लगाएर कोट लगाएर शिरमा टोपी लगाएर मात्र के गर्ने ? देश नाङ्गिएको छ, लाजमर्दो भइ राखेको छ । बेकार छ तपाइँहरूलाई, दौरा सुरुवाल लगाएर कोट लगाएर शिरमा टोपी लगाएर । रोक्नुस् यो हिंसा, नत्रभने यो के हेरिराख्नु भएको छ ? दलका नेताहरू, बेकार छ टाठेबाठे भएर हिँड्नु विश्वको अगाडि नै यो चुनौती भइ राख्या छ । महिलामाथि योबीचमा यति हिंसा बढेर गयो भनेर साध्य नै छैन । हामी समृद्ध र समानतामुखी समाज चाहन्छौं तर यो सारा कुराहरू गर्दै गर्दा हामीले पुरुषका विरुद्धमा महिलाको युद्ध छेडेको भने होइन । किनभने पुरुषहरूसँग हाम्रो बुवा हजुरबुवा, छोरा, दाजू भाई वा जीवनसाथीको नाता कायम छ । समाजलाई अगाडि बढाउन नारी-पुरुष दुबैको बराबर भूमिका रहन्छ ।

हामीकहाँ मान्छेले मान्छे नगन्ने प्रवृत्ति हावी छ । सामन्तहरूले गरिबलाई मान्छे होइन भने पुग्ने । पुरुषहरूले महिलाहरूलाई मान्छे होइन भने पुग्ने । एक अर्काको अस्तित्व स्वीकारेर अगाडी बढ्दा के हुन्छ ? यद्यपि जेहेनदार आदरणीय दाजुभाईहरूको महिला आन्दोलनमा भने राम्रो सहयोग रहदै आएको छ । उहाँहरूकै साथ बिना हामी अगाडि बढ्न सक्दैनौं ।

जहाँसम्म अन्तरिम संविधानमा महिलाको अधिकारको कुरा छ, धारा ८(२)(ख) मा लेख्छ की आमा या बाबु नेपाली नागरिक छन् भने वंशजको आधारमा उसलाई नागरिकता दिइनुपर्छ । तर जब आमाहरू आफ्नो नागरिकता बोकेर सन्तानलाई नागरिकता दिलाउन सी.डि.ओ.मा जान्छन त्यहाँ बुबाको उपस्थिती वा नागरिकताको खोजी हुन्छ । यसरी उनीहरू मानसिक हिंसाको शिकार बन्छन् । हाम्रो संस्कारमा विवाहितले लगाउने सिन्धुर, चुरा, पोते आदिले विवाहिताको पहिचान दिन्छ । महिलाहरूको पतिव्रता धर्मको परिचय खोजिन्छ । तर यहाँ पुरुष दाजुभाईहरू विवाहित वा अविवाहित के हो भनेर छुट्याउने कडी छैन । त्यसैले विवाह गरेर तीन चार जना बच्चाको बाबु बनिसक्दा पनि बाहिर त पट्ठो भएर ओहो म त अविवाहितै छु भनेर कति दिदी बहिनीलाई झुक्याएर हिडेका छन् । उसलाई कहाँ खोज्न जाने खोज्न कहाँ कहाँ पुग्ने, जाँदा जाँदा त्यसको जीन्दगी जान्छ । मैले यसरी विचलिमा परेका दिदी बहिनी धेरै भेटेकी छु । बाबुले त्यसरी धोका

दिएर छाडेर हिँड्को छ । अनि त्यो आमाले आफू मरिमेटी ईँटा भट्टामा श्रमिक भएर दिनमा दुई सय तीन सय नै कि नपाओस आफ्नो बच्चालाई हुर्काउन कुनै कसर राख्दैन । तर जब उनीसँग एउटा गाविस सचिवको दस्तखत गराउने पँहुच हुदैन आफ्नो बच्चाको लागि नागरिकता दिलाउन उ त्यही निर चुक्न पुग्छ । उसले चाहे जति दुख आफ्नो बच्चा हुर्काउनमा गरेको होस तर राज्यले बाबुको उपस्थिती नै खोज्ने सत्य विडम्बनापूर्ण छ । मैले प्रत्येक नेताहरूहरूसँग तपाईंहरूको छोरा छोरीको त्यो हालत भए के हुन्थ्यो भनी कडा प्रतिवाद गर्दै आइरहेको छु । राज्य विहिनताको पिडा के हो भन्ने महशुस दिलाउन कोशिस गर्छु । त्यसैले हामी यो सानो तिनो आन्दोलनमा लागेका छैनौं भन्ने लाग्छ ।

भनिन्छ छोरी विवाह गरि अर्काको घरमा जाने जात हो, अर्काको भित्ता टाल्ने जात हो । अर्काको लागि सन्तान जन्माउने जात हो । आफ्नो नाम र पहिचान केही पनि छैन । गुम्नाम व्यक्ति हो । खाली पुरुषको लागि सेवा गर्न जन्मिएको हो । यही खाले मानसिकताले दिनरात पिडामा बाँच्न र कष्टकर जिवन जिउन बाध्य छन् । लाखौं लाख महिलाको जुनि बर्बाद भइरहेछ । यदि धर्मशास्त्र अनुसार महादेव र पार्वती को आधी आधी शक्ति स्वरुपको कुरा गर्ने हो भने पनि जबसम्म उनको साथमा पार्वती छिन् ऊ शक्तिशाली कहलिन्छन् । त्यसकारणले एक अर्कामा पुरुषको शक्ति भनेको महिला हो, नारीमा अपार शक्ति छ भन्ने हामीले ख्याल गर्नुपर्छ ।

यहाँ डर नदेखाईकन मान्छेलाई केही नहुने रहेछ हेर्नुस् । डर भयो भने खुट्टामा नमस्कार गर्छ । तर घर गएर शक्तिहीन श्रीमतीलाई कुट्छ । यसबाट के बुझिन्छ भने तपाईंले अधिकार मागेर वा कसैले दिने हैन । तपाईंको शक्ति प्रदर्शनले तपाईंले अधिकार प्राप्त गर्न सक्नु हुन्छ । शक्ति देखाउनुहास् । तपाईंको खुट्टामा झुक्न हजुर भन्न थरथर काम्न ऊ बाध्य हुन्छ । शासकहरूलाई गर्ने पनि त्यस्तै हो । विडम्बना त यो छ कि आफूले जन्माएको सन्तान पनि महिलाको होइन त्यो सन्तान त पुरुष कै हो भनिन्छ महिला त धर्ती जस्तै हो । पुरुष त मकैको बीउ जस्तै हो । महिलाले त केवल पुरुषको सन्तान दिने हो भन्ने कुतर्कहरू गरिन्छ ।

हामीले नयाँ संविधानको लागि महिलाको अंशको अधिकार, वशंको समान अधिकार र मौलिक अधिकारको कुरा उठायौं । म आफै पनि मौलीक अधिकार कमिटीको सदस्य, हुँ र त्यो मुद्दामा सफलता हासिल गर्न प्रयासरत नै छु ।

जीवन र जगत फरक छ । हामी जीवनको परिभाषाको कुरा गर्दैछौं । हामी मानिस बाबु र आमाको कुनै गुण लिएर हामी जन्मिन्छौं । त्यसैले पहिचान त बाबु र आमाको पनि छ । त्यसैले बाबुको नामबाट जसरी नागरिकता पाउन हामीलाई सजिलो हुन्छ त्यसरी आमाको नामबाट पनि दिइयोस् । जनसंख्याका आधारले यो मुलुकमा रहेका ५१ प्रतिशत नेपाली महिलाहरू छन् । महिलाले राज्यको हरेक संयन्त्रमा समान र समावेशी सिद्धान्तका आधारमा सहभागी बन्नु पाउनु उसको अधिकार हो । महिलाहरूलाई युगौं देखि पछाडि पारेको हुनाले शिक्षा स्वास्थ्य र रोजगार जस्ता विषयहरूमा चाहिँ विशेष अधिकार दिनुपर्छ । त्यसलाई सकारात्मक विभेदको अधिकार भनेर भन्यौं । यी तीन वटा प्रमुख अधिकार र चारवटा अन्तरिम संविधानको सहित सात

वटा अधिकार महिलाका नाममा स्थापित गरिनुपर्छ। ती मध्ये अन्तरिम संविधान भित्र दुई वटा विषय एउटा सहभागिताको सवाल छ र अर्को चाहिँ नागरिकताको सवालमा छ।

फेरि पनि नागरिकताको विषयमा, कुरा गर्दा नेपाली महिला विवाह गरी पुरुषको घर जाने र पुरुषले विवाह गरेर ल्याउनेचलनले पुरुषको प्राप्ती र महिलाले समाप्ती जस्तो देखिन्छ। विभेदको भेद नै त्यही छ, त्यसरी नै महिला पुरुषको चरण र शरणमा पर्नाले पुरुषको सन्तान जन्माउन मात्र महिलाको उत्पत्ति भएको हो भन्ने कुरा सुनिन्छ। अब सबै महिलाहरू विवाह गरेर पुरुष कै घरमा जानु पर्छ भन्ने केही छैन। म गईन। मेरो घर सिन्धुपाल्चोक होइन मेरो घर खोटाङ्ग हो। म खोटाङ्गको पूर्व सभासद् हो। विवाहको परिभाषामा मैले त्यो आफैमा लागू पनि गरेँ। र हरेक महिलाले त्यो कुरा आत्मसात् गरुन भन्ने मेरो चाहना रहने गर्छ। विवाहको परिभाषा कसैको प्राप्ती कसैको समाप्ती होइन। विवाहको परिभाषा दुबैको प्राप्ति हो। विवाह गरिसके पछाडि वासस्थानको छनौटको अधिकारको कुरा हो। उनीहरू कहाँ बस्छन् कति वटा सन्तान जन्माउँछन्। के गर्ने भन्ने कुरा त्यो श्रीमान र श्रीमति दुबैको सहमतिको कुरा हो। वंशजका आधारमा नागरिकताको कुरा गर्दा त्यहाँ राष्ट्रियताको सवाल उब्जिन्छ। राष्ट्रियता के हो ? देशमा जन्मिएर मात्र हुन्छ ? देशलाई माया गर्नु पर्छ की पर्दैन ? देश प्रतिको कर्तव्य पूरा गर्नु पर्छ की पर्दैन ?। आफ्नो आमाबाबुलाई वृद्धाश्रममा राख्ने कति सन्तानहरू छन् तर अन्यले ती बाबु आमालाई मायाले स्याहार गर्छ भने त आफुलाई हेर्ने माया गर्ने सन्तानलाई दिन नै सम्पत्ति दिन पाइओस् न। जल्ले आफूलाई हेर्छ त्यसैलाई दिन्छु भन्न पाओस् न। छोरो भएपछि त उल्ले हक जमाइहाल्यो। यो कतिसम्मको उचित छ ?

जमिनमाथि भूमिहीन, किसान र महिलाको अधिकार र आवासको अधिकारको दुईटै कुरा चाहिँ अन्तरिम संविधानको मौलिक अधिकारमा लेखिएको छ। जस्तो अहिले बनेको सुकुम्बासी आयोगमा दुई तीन वटा समस्याहरू देखिएको छ। कस्तो समस्या देखिएको छ भने चालिस पचास वर्षदेखि मान्छे एक ठाउँमा बँसाई सरेर आएको छ, वा बसेका छनु सुकुमबासी भएका छन्। बाबु आमाको पनि नागरिकता छैन। अनि छोराछोरीहरू चाहिँ २५, ३० वर्षका भइसके, उनीहरूका नाती नातिनासहित तीन पुस्ता भइसक्यो तर नागरिकता विहीन छन्। तर जग्गा प्राप्तिको लागि नागरिकता लिएर मात्र आयोगमा फर्म भर्न पाइने रहेछ,। त्यो बसेको सिफारिस दिएर पनि नहुने, विजुलीको पानीको कागज देखाएर पनि नहुने, टोलको ऊ समावेशी भएर काम गरेको योगदान पुऱ्याएको कागज देखाएर पनि नहुने। उनलाई अनिवार्य नागरिकता चाहिन्छ भन्ने एउटा खालको अभ्यास छ। अर्को जङ्गलको कुराहरूमा चाहिँ एउटा वर्गीकरण गरेर त्यो फर्म पनि फरकफरक छुट्याएको छ क्यारे। त्यसमा नपरेकोहरूलाई के गर्ने भन्ने कुराहरू भइराख्या छ । भूमि अधिकार मञ्चको आन्दोलनमा यी कुराहरू पक्कै उठेको होला। अब जङ्गलको छेउमा अथवा जङ्लमा बसेको भूमिहीनहरूलाई जङ्गल मै संरक्षणमा गरेर राख्ने, उनीहरूलाई जग्गा वितरण नगर्ने लालपुर्जा नदिने खालको यस्तो नमिलेको कुराहरू आइराखेको छ। निश्चित ठूलोठूलो क्षेत्रफलको जमिनदारले ओगटेर राखेको जग्गाहरू राष्ट्रियकरण हुने कुरा गरिँदैछ।

राष्ट्रियकरण गर्दा उनीहरूलाई क्षतिपूर्ति दिने कि नदिने भन्ने बहस संविधान सभाको मौलिक अधिकार समितिममा गतिलै ढङ्गले चलेको थियो। जहाँ क्षतिपूर्ति दिनै पर्छ भन्ने कुरा भयो। क्षतिपूर्ति दिएर

राष्ट्रियकरण गर्ने र वास्तविक भूमिहीन पहिचान गरेर भूमिहीन किसानलाई उचित व्यवस्थापन गर्ने, भूमिको वर्गीकरण गर्ने, कस्तो खालको भूमि चाहिँ बसोबास योग्य छ, कस्तो भूमि ठूलो औद्योगिकरण गर्नुपर्छ, कुनकुन चाहिँ जङ्गलको एरिया हुनेछ । भूमिको वर्गीकरण गरेर सबैलाई खान पुग्ने उब्जनी हुने खालको जमिन कसरी बाँड्ने भन्ने कुरा पनि । भूमिको सहि र न्यायोचित वितरण गर्ने र किसानहरूको भूमिमाथिको पहुँच बढाउनेलगायत यी सम्पूर्ण समस्याहरू समाधान गर्ने र महिलाको भूमिमाथिको अधिकारको सवालहरूमाथि पनि साथीहरूले समितिमा कुरा उठाउनु भएको छ ।

हामीले महिला अधिकारका धेरै कुराहरू जस्तै अंशको अधिकार, समानुपातिक समावेशी सहभागिताको अधिकार, शिक्षा स्वास्थ्य रोजगारका अधिकार, महिलामाथि हुने विभेद, वर्गीकरण र हिंसामा न्याय मिल्नुपर्नेलगायत प्रजनन् स्वास्थ्यको अधिकार, समान काम समान ज्यालाको अधिकार, भूमिमाथि महिलाको समान अधिकार आदिको बारेमा नयाँ बन्ने संविधानमा लेखिसकेका छौं । तर यसपाली  ती विषयहरूमा ठूलो चलखेल भइराखेको छ । त्यसले यी अधिकारहरू साच्चिँकै स्थापित भएर आउँछन् कि आउँदैनन् भन्ने कुराको यकिन छैन । यी तमाम् समस्याहरूको समाधान संविधानमार्फत खोज्न भूमि अधिकार मञ्चले जुन पहल गरिरहेको छ त्यो निकै प्रंसशनीय छ । अब माघका ८ संविधान आउने कुरा निश्चित अनिश्चित जे भए पनि हामी खबरदारी गर्न भने चनाखो हुनुपर्छ । जसरी तपाइँहरू जागरुक र शक्तिशाली भएर यति अगाडि बढीरहनु भएको रहेछ त्यसलाई कायम नै राख्न म आग्रह गर्दछु । अबको आन्दोलन वास्तवमै भन्ने हो भने महिला कै आन्दोलन होला । सम्पूर्ण गरिब, उत्पीडित, भूमिहीन र पिछडिएको वर्गको उत्थान हुने र उनीहरूको अधिकार स्थापित हुने खालको आन्दोलन गरी समृद्ध समाज र राष्ट्र निर्माणको लागि पनि यो एउटा ठूलो पहल हुनेछ भन्ने आशा र शुभकामना दिन्छु ।

## महिलाको सम्पत्ति सम्बन्धि अधिकार

## रीता मैनाली, अधिवक्ता

महिला र पुरुष समान हुन् र कानुनमा अब यी दुईबीच कुनै विभेद छैन भनिन्छ तर व्यवहारमा विभेद यथावत् नै छ । विभेद हाम्रो सोचाइमा पनि छ । कानुनले भेदभावलाई हटाएपनि हामीले यसलाई व्यवहारबाट हटाउन सकेका छैनौं । महिला कमजोर हैनन् । कमजोर बनाइएको हो । महिलालाई आफ्नो अधिकार के हो ? मेरो शक्ति के हो भन्ने महसुष गराउन आवश्यक छ । त्यसैले पहिले महिला आफैले म के गर्न सक्छु र किन पछि परिरहेको छु भन्ने कुरा बुझ्नु पऱ्यो र आफ्नो अधिकारका लागि लड्नुपऱ्यो । त्यसैले हाम्रो सङ्घर्ष अझै धेरै छ ।

मानिसलाई बाँच्नका लागि ३ किसिमका अधिकार नभई हुदैन । १. सम्पत्तिको अधिकार २. पहिचानको अधिकार र ३. निर्णयको अधिकार ।

व्यवहारमा अहिले हामीसँग यी तीनवटै अधिकार छैन । कानुनमा त छोराछोरी दुबैले अविभावकको सम्पत्तिमाथि जन्मसिद्ध बराबरी हक पाउने भनेको छ तर खोई त व्यवहारमा ? त्यसैगरी पहिचानको

अधिकारको कुरा गर्दा संविधानले बाबुआमा नेपाली नागरिक हुन भने जो सुकैको नामबाट पनि तिनका सन्तानले नागरिकता पाउनुपर्दछ भनेको छ तर सर्वोच्च अदालतको आदेश लिएर जाँदापनि सिडिओ कार्यालयले आमाको नामबाट नागरिकता दिन धेरै अनकनाउछन् । त्यसैले विभेद हाम्रो सोचमा छ ।

हाम्रो कानुनले सम्पत्ति भनेको के हो भनेर स्पष्ट लेखेको छैन । तर सामान्यरूपमा हामी नगद रुपियाँ, घर, जग्गा, गरगहना, सुनचाँदी आदिलाई सम्पत्ति बुझ्छौं । यो सम्पत्ति महिलाले कसरी पाउने भन्ने कुरो बहसको रूपमा आउने गर्छ । सम्पत्तिको अधिकारको कुरा उठाउँदा दुई किसिमका सम्पत्ति हुन्छन्, चल र अचल । महिलाले अंशबाट, दाइजो, अपुताली, स्वआर्जन, दानबकस, मोहियानी हक आदि तरिकाहरूबाट सम्पत्ति पाउँछन् ।

महिलाले ३ वटा अवस्थाबाट अंश प्राप्त गर्न सक्छन् : अभिभावकबाट छोरीको रूपमा जन्मसिद्ध पाउने सम्पत्तिको अधिकार, विवाहका आधारमा श्रीमान्बाट श्रीमतीको रूपमा यदि श्रीमानले कुटपिट तथा खान लाउन नदिएको अवस्थामा, श्रीमानसँगै बस्न नसक्ने अवस्थामा सम्बन्ध विच्छेद पछि पाउने अंश हुन्छ । अहिलेको कानुनमा भएको विभेद भनेको छोराले विहे गर्नासाथ ऊ अशियार हुने तर छोरीले विहेपछि अंश नपाउने, हाम्रो लडाइँ यहीनेर हो । महिलाको सम्पत्तिको अधिकारमा केही प्रावधान हुदाँहुदै पनि थुप्रै चुनौती रहेका छन् । महिलाहरू अहिले पनि सम्पत्तिको अधिकारबाट वञ्चित छन् । जसमा सामाजिक मुल्य मान्यताहरूले पनि ठूलो भूमिका खेलेको छ । त्यसैले सम्पत्ति लिन चलाख हुनुपर्छ । सम्पत्ति दिने कुरामा घरबाटै भेदभाव छ । तसर्थ घरबाट नै लडाइँ लड्नुपर्दछ ।

**समापन**

सहभागिबाट सम्मेलनको अनुभूति सुनाइएको थियो ।

**रामकली ठाकुर, धनुषा** :

यहाँ सिकेका नयाँ कुरालाई जिल्लामा फर्केर लागु गर्नेछु ।

**भीमादेवी विक, कैलाली**

हामी सबै समान रहेछौं भन्ने अनुभूती भयो ।

**ठाकुरप्रसाद अधिकारी, ललितपुर**

सहभागीहरूमा अनुशासन, आफूले खाएको प्लेट आफैं धुने जस्ता राम्रो संस्कार देखियो । यो यहाँ मात्र होइन घरमा पनि गर्नुपर्दछ । ललितपुरको प्युटारमा राखेको छलफल कार्यक्रम पूर्णरूपमा लागेर सफल पार्नेछौ ।

**कविता कार्की, महोत्तरी**

यस्तो कार्यक्रममा सहभागी हुदाँ मन भने घरमा नै हुन्थ्यो तर यस दुई दिनको कार्यक्रममा मलाई कुनै बेला पनि ध्यान अन्त गएन । महिलाको वास्तविकता, पीडा, शोषण, पहिचान आदिको बारेमा बुझियो जसले मलाई अगाडी बढ्नुपर्दछ भन्ने थप हौसला प्रदान गरेको छ ।

## १. कार्ययोजना

| क्र.सं. | कार्यक्रम | स्थान | मिति | सहभागी | बजेट | | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरीक | बाह्य | |
| १ | अगुवा भेला | प्युटार, ललितपुर | माघ १४ र १५ | १०० | ५००० | ६५,००० | जिल्ला मञ्चको टिम र सहभागी |
| २ | क्षेत्रीय महिला सम्मेलन | भरिया, बर्दिया (जिल्ला भूमि अधिकार मञ्च, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी, दाङ, सल्यान र सुर्खेत) | चैत अन्तिम हप्ता | १६० | १०००० | ८२००० | सम्मेलन सहभागी, सिएसडिआर र सिएसआरसी क्षेत्रीय टिम |
| ३ | अगुवा भेला | धनकुटा | पौष १४ र १५ | ६३ | | ८५००० | जिल्ला मञ्च, धनकुटा |
| ४ | गाउँ भेला | झापा | माघ ९ | ४५ | | २४५० | रोशन, सहभागी र जिल्ला मञ्च |
| ५ | अगुवा भेला | पडहरीया, सिराहा | माघ ५ | ५० | | ३२५० | सिमा, जिल्ला मञ्च |
| ६ | जिल्लास्तरीय महिला किसान सम्मेलन | हेलम्बु भूमि घर, सिन्धुपाल्चोक कालिकास्थान भूमि घर, रसुवा, रातमाटे, नुवाकोट, कुन्तादेवी ओखलढुङ्गा, रामेछाप | फागुन दोस्रो र तेस्रो हप्ता | ४८० | ५०००० | १६५००० | सहभागी र नुवाकोट, रसुवा, सिन्धुपालचोक, ओखलढुङगा, रामेछाप |
| ७ | क्षेत्रीयस्तर सम्मेलन | नवलपरासी | | १४५ | ४१६०० | ५८६०० | नवलपरासी, पाल्पा, चितवन, रुपन्देही, कपिलवस्तु कास्की, पर्वत |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | अगुवा भेला | उदयपुर | मंसिर २७ | ५८ जना | | १८३०० | सहभागी र जिल्ला मञ्च उदपयुर |
| ९ | क्षेत्रीय किसान महिला सम्मेलन | सर्लाही | चैत १६ र १७ | ११० | १८५००९ | ६७८४० | धनुषा, महोत्तरी, सर्लाही, रौटहट, बारा, मकवानपुर |

## २.खर्च बिबरण

| क्र. सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | स्टेशनरी | १५,८८७ | |
| २ | सल | ५१४९९ | |
| ३ | खाना, बास (प्याकेज) | १४२६०१ | |
| ४ | सहजकर्ता | १०,००० | |
| ५ | पेट्रोल (जेनरेटर) | २४९० | |
| ६ | सहभागीलाई यातायात तथा बाटो खर्च | १,५७,६१६ | |
| ७ | यातायात | ४५,६४० | |
| | **जम्मा** | **४,२५,७३३३** | |

## ३. सहभागी विवरण

| क्र.सं. | नाम | जिल्ला/ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | पदवीकुमारी मगर | उदयपुर | |
| २. | पुष्पा चौधरी | उदयपुर | |
| ३. | पनिता शेर्पा | झापा | |
| ४. | पूर्णा चौधरी | सुनसरी | |
| ५. | वैजोदेवी चौधरी | सुनसरी | |
| ६. | हजुरा बम | बाँके | |
| ७. | सुवास्ना विक | बाग्लुङ्ग | |
| ८. | सजिना योगी | सल्यान | |
| ९. | कुमारी कार्की | ओखलढुङ्गा | |
| १०. | विन्दा भुजेल | ओखलढुङ्गा | |
| ११. | सानुनानु चेपाङ | चितवन | |
| १२. | पविना भट्ट | नुवाकोट | |
| १३. | राधिका भट्ट | नुवाकोट | |
| १४. | शर्मिला न्यौपाने | रसुवा | |
| १५. | सोममाया तामाङ्ग | रसुवा | |
| १६. | रामकली ठाकुर | धनुषा | |

| | | | |
|---|---|---|---|
| १७. | फुलमाया विक | ललितपुर | |
| १८. | नरमाया हायु | रामेछाप | |
| १९. | जानकी काफ्ले | ललितपुर | |
| २०. | गीता सिवाल | बैतडी | |
| २१. | सरस्वती सुब्बा | सर्लाही | |
| २२. | सीमा चौधरी | सिरहा | |
| २३. | सरिता लुइटेल | धनकुटा | |
| २४. | कल्पना कार्की | सिन्धुपाल्चोक | |
| २५. | नितु घले | काठमाडौं | |
| २६. | चन्दा विष्ट | काठमाडौं | |
| २७. | सुमित्रा सुवेदी | महोत्तरी | |
| २८. | जगत देउजा | सिन्धुपाल्चोक | |
| २९. | युवराज आचार्य | काठमाडौं | |
| ३०. | भुपेन्द्र निरौला | काठमाडौं | |
| ३१. | रश्मी परियार | कास्की | |
| ३२. | सरस्वती अधिकारी | सिन्धुपाल्चोक | |
| ३३. | निपूर्ण आचार्य | सिन्धुपाल्चोक | |
| ३४. | डोल्मा लामा | सिन्धुपाल्चोक | |
| ३५. | विसरामी चौधरी | दाङ्ग | |
| ३६. | यसोदा न्यौपाने | दाङ्ग | |
| ३७. | कविता कार्की | महात्तरी | |
| ३८. | कमला श्रेष्ठ | ललितपुर | |
| ३९. | सरस्वती श्रेष्ठ | ललितपुर | |
| ४०. | निर्मला नगरकोटी | ललितपुर | |
| ४१. | अम्बिका अधिकारी | सर्लाही | |
| ४२. | कुलकुमारी आले मगर | बारा | |
| ४३. | तेजानीधी घिमीरे | ललितपुर | |
| ४४. | प्रेनप्रसाद सापकोटा | ललितपुर | |
| ४५. | श्यामनन्दन सिंह | पुर्वी चम्पारण | |
| ४६. | राजुतिमल्सिना | ललितपुर | |
| ४७. | हरिप्रसाद दुलाल | ललितपुर | |
| ४८. | गोविन्दबहादुर तामाङ | ललितपुर | |
| ४९. | देवकी सुनार | ललितपुर | |
| ५०. | तारा नेपाली | ललितपुर | |
| ५१. | लक्ष्मी पुर्कुटी | ललितपुर | |
| ५२. | सरला विसकें | ललितपुर | |
| ५३. | मिना भाट | डेडेलधुरा | |
| ५४. | दुमिका राई | खोटाङ्ग | |

| | | | |
|---|---|---|---|
| ५५. | चेतकुमारी घिमीरे | ललितपुर | |
| ५६. | चन्द्रमाया वल | मकवानपुर | |
| ५७. | चम्पादेवी राम | सप्तरी | |
| ५८. | उषाकला राई | खोटाङ्ग | |
| ५९. | देवकी दुलाल | ललितपुर | |
| ६०. | विष्णु खड्का | बर्दिया | |
| ६१. | राधिकाकुमारी विक | बाँके | |
| ६२. | विमला श्रेष्ठ | सूर्खेत | |
| ६३. | सीता चौधरी | बर्दिया | |
| ६४. | सीता लम्साल | नवलपरासी | |
| ६५. | मञ्जु कुमाल | पाल्पा | |
| ६६. | सुमित्रा चौधरी | कपीलवस्तु | |
| ६७. | पूस्पा चौधरी | उदयपूर | |
| ६८. | कमलातन्नमी थापा | रुपन्देही | |
| ६९. | चण्डीका अधिकारी | ललितपूर | |
| ७०. | होमकुमारी तिमिल्सेना | ललितपूर | |
| ७१. | चेतकुमारी घिमिरे | ललितपूर | |
| ७२. | नन्दाकुमारी सापकोटा | ललितपूर | |
| ७३. | मञ्जु डुँग | पटना विहार | |
| ७४. | सिन्धु सिन्हा | पटना विहार | |
| ७५. | श्याम कुमारी | रामगढवा | |
| ७६. | बालकृष्ण शर्मा | दोलखा | |
| ७७. | सोमप्रसाद भण्डारी | सिन्धुपाल्चोक | |
| ७८. | गोपी आछामी | ललितपुर | |
| ७९. | विष्णु तिमल्सिना | ललितपुर | |
| ८०. | मनोज तिमल्सिना | ललितपुर | |
| ८१. | ठाकुरप्रसाद अधिकारी | ललितपुर | |
| ८२. | सेरबहादुर विक | ललितपुर | |
| ८३. | हरिशरण कपाली | ललितपुर | |
| ८४. | भगवती घले | काठमाडौं | |
| ८५. | राम साही | ललितपुर | |
| ८६. | बिनादेवी खड्का | कैलाली | |
| ८७. | डम्मरीदेवी साउँद | कैलाली | |
| ८८. | विमादेवी विक | कन्चनपुर | |
| ८९. | सावित्री बाले | धनकुटा | |
| ९०. | सीता नेपाली | कन्चनपुर | |
| ९१. | उर्मिला पासवान | रौतहट | |

**केही फोटोहरू :**


“आधा पुरुष आधा नारी, जमिनमा हक बराबरी”
तेस्रो राष्ट्रिय महिला किसान सम्मेलन
अधिकार मञ्च, ललितपुर


तेस्रो राष्ट्रिय महिला किसान सम्मेलन


आधा पुरुष आधा नारी
जमिनमा हक बराबरी
राष्ट्रिय महिला किसान सम्मेलन




"आधा पुरुष आधा नारी, जमिनमा हक बराबरी"
राष्ट्रिय महिला किसान सम्मेलन
संयुक्त पुर्जाः

